नेपाल सरकार

भूमिसुधार तथा व्यवस्था मन्त्रालय,

भूमिसुधार तथा व्यवस्थापन विभाग,

# मालपोत कार्यालय , मनमैजु, काठमाण्डौं ।

## जग्गाको न्युनतम मूल्यांकन पूस्तिका

आ.व. २०७४।०७५

विषय :- न्युनतम मुल्याकन पुस्तिका पठाईएको सम्बन्धमा ।

श्री.......................................................

...........................................................

यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत पर्ने घर जग्गाको रजिष्ट्रेशन हुने लिखतमा थैली अंक कायम गर्ने प्रयोजनको लागि मालपोत नियमावली २०३६ को नियम ५ (ख) बमोजिम गठित न्युनत्तम मल्य निर्धारण समितिको काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारी श्रीमान् रामकृष्ण सुवेदी ज्यूको अध्यक्षतामा मिति २०७४।०३।२५ गते बसेको बैठकबाट मिति २०७४।०४।०१ गते देखि लागू हुने गरी देहायका गा.वि.स/न.पा.मा देहाय बमोजिमको न्युनतम मुल्य निर्धारण गर्ने निर्णय भएकोले जानकारीको लागि मुल्याङ्कन पुस्तिका यसै साथ संग्लन राखि पठाईएको व्यहोरा अनुरोध छ ।

......................................

श्रवण कुमार पोखरेलछ

प्रमुख मालपोत अधिकृत

# रजिसट्रेशन हुने लिखतमा थैली अंक कायम गर्ने प्रयोजनको लागि

न्युनतम मुल्य निर्धारण आ.व.०७४/०७५

मालपोत ऐन २०३४ को  दफा ८(२) र मालपोत नियमावली २०३६ को नियम ५ (ख) को प्रावधान बमोजिम मिति २०७४।३।२५ गते आगामी आथिक वर्ष ०७४।०७५ मा मालपोत कार्यालय मनमैजुको कार्यक्षेत्रमा रजिष्ट्रेशन हुने लिखतमा थैली अंक कायम गर्ने प्रयोजनको लागि जग्गाको न्युनत्तम मुल्यांकन गर्न समितिका अध्यक्ष काठमाडौँका प्रमुख जिल्ला अधिकारी श्री बलकृष्ण पन्थी ज्युको अध्यक्षतामा निम्न सदस्यहरुको उपस्थितिमा बसेको मुल्यांकन समितिको बैठकबाट २०७४।०४।०१ गतेदेखि लागू हुनेगरी संलग्न मार्ग निर्देशक सिद्धान्त समेतका आधारमा देहाय बमोजिम हुने गरी न्युनतम मुल्यांकन गर्ने निर्णय गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| १. प्र.जि..अ.श्री बालकृष्ण पन्थी जि.प्र.का.काठमाडौँ | अध्यक्ष |
| २. स्था .वि.अ. श्री गोपाल अधिकारी, जि.वि.स.काठमाडौँ | सदस्य |
| ३ .नापी अधिकृत, श्री ध्रुब बहादुर थापा, नापी कार्यालय मनमैजु | सदस्य |
| ४ कर अधिकृत श्री कृष्ण न्यौपाने ,आ.रा.का.क्षेत्र नं.१ | सदस्य |
| ५. कर अधिकृत श्री राम हरी ज्ञवाली , आ.रा.का.क्षेत्र नं. २ | सदस्य |
| ६ प्रतिनिधी श्री माधव राज मुल्मी नेपाल चेम्बर अफ कमर्स,काठमाडौँ | सदस्य |
| ८.निर्देशक श्री समर बहादुर सिंह ठकुरी, भुमिसुधार तथा व्यवस्थापन विभाग | विषय विज्ञ |
| ९. प्रमुख मालपोत अधिकृत श्री श्रवण कुमार पोखरेल, मा.पो.का. मनमैजु | सदस्य सचिव |

**आमन्त्रित**

१.मेयार.श्री रामेश्वर बोहरा ,तारकेश्वर न.पा, काठमाण्डौं

२.स.प्रजि.अ.श्री ललित कुमार वस्नेत जिल्ला प्रशासन कार्यालय काठमाडौं

३.स.प्र.जि.अ.श्री गंगा बहादुर खत्री जिल्ला प्रशासन कार्यालय, काठमाडौं

४.कार्यकारी अधिकृत श्री अग्नी प्रसाद अधिकारी तारकेशवर न.पा.काठमाडौं

५. प्रशासकीय अधिकृत श्री नवराज ढकाल ,जि.प्र.का. काठमाडौं

६.मा.पो.अधिकृत, श्री उत्तम बहादुर कुँवर मालपोत कार्यालय मनमैजु

७.मा.पो अधिकृत श्री विजय प्रकाश गिरी मालपमेत कार्यालय मनमैजु

**निर्णय नं. १**

१.नेपालटार पुलबाट साविक मनमैजु गा.वि.स. भवन सम्मको मुल सडकको दायाँ वायाँका जग्गाको मुल्य प्रतिआना -(३१।७९व.मि.)रु.१२,००,०००।

२.नेपालटार चोकदेखी शेषमती पुल हुदै जरंखु सम्मको मुल सडकको दांयाँ बायाँको जग्गा प्रति आना -(३१।७९व.मि.)रु.११,००,०००।

३.गोगंबुबाट नयांपुल भई छन्त्याल संघ हुदै न्यापरिषदको कम्पाउण्ड सम्म जाने मुल सडकको दायाबायाका जग्गा प्रतिआना रु. -(३१।७९व.मि.) रु.१३,००,०००।

४.छन्त्याल संघदेखी लोकतान्त्रीक चोक हुदै नेपालटार चोकसम्मको मुलसडकको दायाँ वायाँ का जग्गा प्रति आना -(३१।७९व.मि.) रु. १२,००,०००।

५.गुम्बा भएर जाने बाटोको लोकतान्त्रिक चोकसम्म मुल सडकका दायाँ बायाँका जग्गा प्रति आना -(३१।७९व.मि.)रु.११,००,०००।

६.मनमैजु क्षेत्रमा पर्ने विष्णुमती खोला करिडोरको दायाँ वायाँको जग्गा प्रति आना-(३१।७९व.मि.) रु. ८,८०,०००।

७.मनमैजुमा पर्ने माहदेव खोला करिडोरको दायाँ दायाँको जग्गा प्रतिआना-(३१।७९व.मि.) रु.७,७०,०००।

८.साविक मनमैजु गा.वि.स भवन देखी मनमैजु सिमाना सम्मको मुलसडकको दायाँ बायाँको जग्गा प्रतिआना -(३१।७९व.मि.)रु.८,२०,०००।

९.जरंखुपुलदेखी साविक काभ्रेस्थली गा.वि.स.भवन सम्मको मुल सडकको दायाँ बायाँको जग्गा प्रतिआना रु.७,७०,०००।-

१०.मानमैजु शुभकामना स्कुल चोकदेखि सविक मनमैजु गा.वि.स. र मनमैजु मन्दिर जाने वाउचा पाखा चोक सम्मको जग्गा प्रतिआना - (३१.७९ व.मी.) रु.११,५००००।

११.मनमैजु सिमादेखि टुसालचौर हुँदै फुटुङ नागपोखरी सम्म प्रतिआना-(३१।७९व.मि.)रु. ७,७०,०००।

१२.गोलढुंगा फुलवारी गेटदेखी नागार्जुन मा.वि. सम्मको मुल सडकको दाया बायाँको जग्गा प्रतिआना रु. ६,६०,०००।-

१३.गोलढुंगा दगुर्नेपानी देखी शेषमती हुदै लोलाङ हाइटसम्मको मुल सडकका दायाँ बायाँका जग्गा प्रतिआना रु. ८,८०,०००।

१४.लोलाङ हाइट देखी वोहराटार चोक हुदै नागार्जुन मा.वि. सम्मको मुल सडकको दाया बाया जग्गा प्रतिआना रु. ६,६०,००० ।-

१५.गोलढुंगा दगुर्नेपानी देखी पुरानो गुहेश्वरी हुदै वोहराटार चोक सम्मको मुलसडकका दायाँ बायाँका  जग्गा प्रतिआना रु. ६,६०,००० ।-

१६. फुटुङ नागपोखरीदेखी साङलाको विहानीचोक सम्मका मुलसडकका दायाँ बायाँका जग्गा प्रतिआना रु. ६,२५,००० ।-

१७.गोलढुङगा शेषमति सानो पुल हुदै सनफ्लावर स्कुलसम्म गोलढुगा गा.वि.स.मा पर्ने दायावायाका जग्गाको प्रतिआना ६,८०,०००।-

१८.धर्मस्थली सानो वाईपास चोकदखि मसलाबोट हुदै जितपुर फेदि बजार सम्मका दायाँ वायाँका जग्गाको प्रतिआना रु .६,६०,००० ।-

१९.गोलढुंगा बोहराटार चोकदेखी पृथ्वीनारायण मा.वि. हुदै धितालचोक, गणेश मन्दिर सम्मको मुल  सडकको दाँया बाँया प्रतिआना रु. ६,५०,००० ।-

२०.धर्मस्थली जरङखु पुलदेखी सानो बाइपास हुदै चिसापानी बसस्टप सम्मको मुल सडकको दाया बाया प्रति आना रु. ७,७०,००० ।-

२१.र्धमस्थली सनफ्लावर स्कुलदेखि पैयुटार हुदै बस्नेतटार माइको बसस्टप सम्मको मुल सडकको दायाँ बायाँ प्रतिआना रु. ६,६०,००० ।

२२.धर्मस्थली/जितपुर चिसापानि माइको बस स्टेसन देखि तिनपिप्ले सम्मको दायाँ बायाँ प्रतिआना रु. ६,५०,००० ।

२३.काभ्रेस्थली संगम चोकदेखि जितपुर फेदीको माइकोबसपार्क सम्मको मुल सडकको दाँया वाँया प्रति आना रु. ५,५०,०००।

२४.काभ्रेस्थली संगम चोक हुदै फुटुङ चिम्वर पोखरीसम्म जाने कृषी सडकको दाँया वाँया प्रतिआना रु. ४,५०,०००।

२५.माथिका प्रकरणहरु १ देखि ३२ सम्मका जग्गाहरुको मुल्याङकनसँग अरुबर्ग र प्रकरणमा उल्लेखित जग्गाको मुल्याङनमा फरक पर्न गएमा जुन बढी हुन्छ सो मुल्याङकनलाई कायम गरिने छ ।

२६.जितपुरफेदी चिसापानी माइकोस्टपदेखि हरियाटार खुकुले हुदै तीन पीपले भञ्ज्याङ मुनी सम्मको मुल सडकको दाँयावायाँ प्रर्ति आना रु. ५०००००।

२७.जिपुरफेदी चिसापानी माइक्रोस्टपदेखि फयडोल हुदै फेदी वजार सम्म जाने मुल सडकको दाँयावायाँ प्रतिआना रु. ५,५०,०००।

| सि.न. | विवरण | यस वर्षको |
| --- | --- | --- |
| | “क” वर्ग | प्रतिआना(३१.७९व.मि.)रु. |
| १ | पक्की मोटर वाटो | ११,००,०००। |
| २ | कच्ची मोटरबाटो | ८,००,०००। |
| ३ | गोरेटो बाटो | ६,५०,०००। |
| ४ | बाटो नभएको | ३,००,०००। |

| सि.न. | विवरण | यस वर्षको |
| --- | --- | --- |
| | “ख” वर्ग | प्रतिआना(३१.७९व.मि.)रु. |
| १ | पक्की मोटर वाटो | ८,८०,०००। |
| २ | कच्ची मोटरबाटो | ७,००,०००। |
| ३ | गोरेटो बाटो | ५,५०,०००। |
| ४ | बाटो नभएको | २,५०,०००। |

| सि.न. | विवरण | यस वर्षको |
| --- | --- | --- |
| | “ग” वर्ग | प्रति आना(३१.७९व.मि.)रु. |
| १ | पक्की मोटर वाटो | ७,५०,०००। |
| २ | कच्ची मोटरबाटो | ६,५०,०००। |
| ३ | गोरेटो बाटो | ४,५०,०००। |
| ४ | बाटो नभएको | २,२०,०००। |

| सि.न. | विवरण | यस वर्षको |
| --- | --- | --- |
| | “घ” वर्ग | प्रति आना(३१.७९व.मि.)रु. |
| १ | पक्की मोटर वाटो | ६,५०,०००। |
| २ | कच्ची मोटरबाटो | ५,००,०००। |
| ३ | गोरेटो बाटो | ३,००,०००। |
| ४ | बाटो नभएको | १,५०,०००। |

| सि.न. | विवरण | यस वर्षको |
|---|---|---|
| | ङ” वर्ग | प्रति आना(३१.७९व.मि.)रु. |
| १ | पक्की मोटर वाटो | ६,००,०००। |
| २ | कच्ची मोटरबाटो | ४,५०,०००। |
| ३ | गोरेटो बाटो | २,५०,०००। |
| ४ | बाटो नभएको | १,००,०००। |

| | काभ्रेस्थली(१च,२,४,५,६,८को मात्र ) | यस वर्षको |
|---|---|---|
| सि.न. | विवरण | मूल्य प्रति आना |
| १ | पिचसडकसंग जोडिएको | ६,००,०००। |
| २ | कच्ची मोटरबाटो भएको | ४,४०,०००। |
| ३ | गोरेटो बाटोसंग जोडिएको | २,५०,०००। |
| ४ | बाटो नभएको | ६५,०००। |

| | काभ्रेस्थली (१च बाहेक १,३,७,९ ) मात्र | यस वर्षको |
|---|---|---|
| सि.न. | विवरण | मूल्य प्रति आना |
| १ | पिचसडकसंग जोडिएको | ३,००,०००। |
| २ | कच्ची मोटरबाटो भएको | २,००,०००। |
| ३ | गोरेटो बाटोसंग जोडिएको | ७५,०००। |
| ४ | बाटो नभएको | २५,०००। |

| | फुटुङ ( ८ र ९ वडा मात्र) | यस वर्षको |
|---|---|---|
| सि.न. | विवरण | मूल्य प्रति आना |
| १ | पिचसडकसंग जोडिएको | ५,५०,०००। |
| २ | कच्ची मोटरबाटो भएको | ४,४०,०००। |
| ३ | गोरेटो बाटोसंग जोडिएको | २,७०,०००। |
| ४ | बाटो नभएको | ८०,०००। |

| | फुटुङ ( ८ र ९ वडा बाहेक) | यस वर्षको |
|---|---|---|

| सि.न. | विवरण | मूल्य प्रति आना |
|---|---|---|
| १ | पिचसडकसंग जोडिएको | ४,४०,०००। |
| २ | कच्ची मोटरबाटो भएको | ३,३०,०००। |
| ३ | गोरेटो बाटोसंग जोडिएको | २,२०,०००। |
| ४ | बाटो नभएको | ५५,०००। |

| | जितपुर (बडा नं. १,२,३,६ र ९ मात्र ) | यस वर्षको |
|---|---|---|
| सि.न. | विवरण | मूल्य प्रति आना |
| १ | त्रिशूली जाने मूलसडकसंग जोडिएको | ३,५०,०००। |
| २ | पिचसडकसंग जोडिएको | ३,००,०००। |
| ३ | कच्ची मोटरबाटो भएको | २,५०,०००। |
| ४ | गोरेटो बाटोसंग जोडिएको | १,००,०००। |
| ५ | बाटो नभएको | ४०,०००। |

| | जितपुर (बडा नं. १,२,३,६ र ९ बाहेक ) | यस वर्षको |
|---|---|---|
| सि.न. | विवरण | मूल्य प्रति आना |
| १ | त्रिशूली जाने मूलसडकसंग जोडिएको | ३,५०,०००। |
| २ | पिचसडकसंग जोडिएको | २,५०,०००। |
| ३ | कच्ची मोटरबाटो भएको | २,००,०००। |
| ४ | गोरेटो बाटोसंग जोडिएको | ७५,०००। |
| ५ | बाटो नभएको | ३५,०००। |

| | गोलढुंगा १, २, ३,४,५(३क)वाहेक | यस वर्षको |
|---|---|---|
| सि.न. | विवरण | मूल्य प्रति आना |
| १ | त्रिशूली जाने मूलसडकसंग जोडिएको | ६,००,०००। |
| २ | पिचसडकसंग जोडिएको | ५,००,०००। |
| ३ | कच्ची मोटरबाटो भएको | ४,५०,०००। |
| ४ | गोरेटो बाटोसंग जोडिएको | २,२०,०००। |
| ५ | बाटो नभएको | ८५,०००। |

| | गोलढुंगा (३क,६,७,८,९ वडाको) | यस वर्षको |
|---|---|---|
| सि.न. | विवरण | मूल्य प्रति आना |
| १ | त्रिशूली जाने मूलसडकसंग | ५,५०,०००। |

| | | |
|---|---|---|
| | जोडिएको | |
| २ | पिचसडकसंग जोडिएको | ४,४०,०००। |
| ३ | कच्ची मोटरबाटो भएको | ३,३०,०००। |
| ४ | गोरेटो बाटोसंग जोडिएको | १,७५,०००। |
| ५ | बाटो नभएको | ५५,०००। |

| | धर्मस्थली (१,२,३,४ र ५ वडा) | यस वर्षको |
|---|---|---|
| सि.न. | विवरण | मूल्य प्रति आना |
| १ | पिचसडकसंग जोडिएको | ५,५०,०००। |
| २ | कच्ची मोटरबाटो भएको | ३,९०,०००। |
| ३ | गोरेटो बाटोसंग जोडिएको | २,२०,०००। |
| ४ | बाटो नभएको | ८०,०००। |

| | धर्मस्थली (६,७,८,९ वडा) | यस वर्षको |
|---|---|---|
| सि.न. | विवरण | मूल्य प्रति आना |
| १ | पिचसडकसंग जोडिएको | ४,४०,०००। |
| २ | कच्ची मोटरबाटो भएको | ३,३०,०००। |
| ३ | गोरेटो बाटोसंग जोडिएको | १,६५,०००। |
| ४ | बाटो नभएको | ५५,०००। |

स्थानीय निकायले घर बाटो सिफारिश गर्दा नै यसै न्युनतम मुल्यांकन पुस्तिकाको प्रकरण , आधार र स्पष्ट मापदण्ड खुल्ने गरी सिफारिश गर्नुपर्ने छ ।

निर्णय नं. ३

निर्धारण गरिएको न्युनतम मुल्यांकन भन्दा कसैले थैली अङ्क कम गराई लिखत पारित गराएको कुरा पछि कुनै व्यहोराले प्रमाणित हुन आएमा नपुग राजस्व सम्वन्धित व्यक्ति, संघसंस्था वा कम्पनी जोसुकै भए पनि मालपोत कार्यालबाट त्यस्तो घरजग्गा रोक्का राखी राजस्व असुल गरिने छ ।

निर्णय नं. ४

लिखतमा घर नखुलाई लिखत पारित पछि घर थियो भनी मालपोत कार्यालयमा दावी गर्न पाइने छैन ।लिखतमा घर लुकाई पारित गरेको ठहरेमा सम्बन्धित पक्षबाट पारित लिखतको थैली अंकमा घरको मुल्यांकन जोडी आर्थिक ऐनले तोके बमोजिम राजस्व तथा घर कायमको दस्तुर असुल गरिने छ ।

निर्णय नं. ५

स्थानीय निकायबाट प्राप्त घरको मुल्यांकन वा घरबाटोको सिफारिश लिखत पारित हुनु अगावै कुनै सुचनाबाट गलत छ भन्ने जानकारी प्राप्त भएमा कार्यालयबाट आवश्यक छानविनका लागि फिल्ड निरीक्षण समेत गरी मुल्यांकन कायम गर्न सकिने छ ।

निर्णय नं. ६

स्थानिय निकायबाट घरबाटाको सिफारिशमा जे लेखिएर आएको भए तापनि एक आपसमा जोडिएर आएको कित्ता कुनै एकै व्यक्तिले खरिद गरेमा कुनै एक कित्ता बाटोले छोए वा बाटो भए अन्य कित्ता पनि बाटोमा जोडिए सरहको न्युनतम मुल्यांकन कायम गरिने छ ।

निर्णय नं. ७

एउटा मुल कित्ताबाट कित्ताकाट भै पारित हुने लिखतहरुमा क्षेत्रफलको अनुपातमा थैली मुल्य कायम गरिनेछ । साथै यसै आ.व.को न्युनतम मुल्यमा नघट्ने गरी रजिट्रेशन पारित जुनसुकै लिखतको थैली अंक समेतलाई न्युनतम मुल्यांकन कायम गरिनेछ ।

निर्णय नं. ८

आर्थिक ऐनले राजस्व छुट दिनेगरी व्यवस्था गरे बमोजिम छुट दावी गर्ने संघ,संस्था वा व्यक्तिले आधिकारिक निकायबाट छुट पाउने भनी सिफरिस पेश गर्नु पर्ने छ ।

निर्णय नं. ९

न्युनतम मुल्यांकनको लागि स्थानीय निकायको घरको मुल्याकंन र घर बाटोको सिफारिश सम्बन्धित जग्गाधनिको हकमा मात्र चालु आ.व.भित्र ३५ दिनसम्म मान्य रहने छ ।

## निर्णय नं. १०

स्थानीय निकायबाट बाटो नभएको वा गोरेटो बाटो भनी सिफारिश भएको तर कित्ताकाट

बाट लिखतमा पुनः बाटो कायम हुन गएको ट्रेस नक्साबाट देखिएमा कच्ची मोटरबाटो वा ग वर्ग सरहको न्युनतम मुल्याकन कायम गरिने छ ।

## निर्णय नं. ११

पुन : नापी भै हालसाविक लागु भएका वर्ग अनुसार न्युनतम मुल्यांकन कायम गरिएको स्थानको लिखतमा वर्ग नखुलेको भए नापी कार्यालयबाट वर्ग खुलाई पेश गर्नुपर्ने छ ।

वर्ग घ, ङ, च मा कच्ची मोटरबाटो देखिए ग वर्ग सरहको मुल्यांकन कायम गरिने छ । तर वर्ग नखुलेकोमा बाटो नभएको भनी सिफारिश आएमा घ वर्ग सरहको मुल्यांकन कायम गरिने छ ।

## निर्णय नं. १२

स्थानीय निकायबाट घरबाटोको सिफारिश भै आउँदा राजकुलो, सरकारी /सार्वजनिक/ निजि बाटोसंग जोडिएको भनी सिफारिश भै आएमा कच्ची मोटरबाटो वा ग वर्ग सरहको र मोटरबाटो मात्र उल्लेख भै आएमा पक्की मोटरबाटो सरहको मुल्यांकन कायम गरिने छ ।

## निर्णय नं.१३

गत आ.व ०७३।०७४ को न्यूनतम मुल्याङकन सम्वन्धी कुनै प्रकरण यस आ.व ०७४।०७५को न्युनतम मुल्याङकनमा छुट हुन गएको भए आ.व.०७३।०७४को न्युनतम मुल्याङकनलाई नै आधार मानिने छ ।

## निर्णय नं. १४

जितपुरफेदी अन्तर्गत त्रिशुली जाने बाटोको मुल सडक सँग जोडिएका जग्गा र काभ्रस्थली वडा नं. १, ३, ७, ९ का जग्गाहरु बजारमुल्यका आधारमा  साविक बमोजिम यथावत कायम गरिएको ।

**जग्गाको न्युनतम मुल्यांकन कायम गर्न तय गरिएका मार्ग निर्देशक सिद्धान्त :**

क.विगत दुईवर्षसम्म यथास्थितीमा रहेको न्युनतम मुल्यांकनलाई समय सापेक्ष गराउने ,

ख.नेपाल राष्ट्रबैकको उपभोक्ता मुल्य सुचिको असर र जग्गाको मुल्यमा प्रतिवम्वित गराउने ,

ग.जग्गा कारोवारमा यथार्थ मुल्य कायम गर्ने अभ्यास बढ्दै गएकोले यस प्रवृतिलाई प्रोत्साहित गर्ने ,

घ.उपत्यकाको चक्रपथ बाहिरका गा.वि.स.हरुमा भएको तिब्र वस्ती विकासको कारण जग्गाको

मागमा भएको अनपेक्षित वृद्धिले मुल्यमा देखिएको प्रभावलाई सम्वोधन गर्ने

ङ.काठमाण्डौ जिल्लाका पांचवटै मालपोत कार्यालयले पृथक पृथक रुपमा मुल्यांकन गर्दा सीमाना क्षेत्रको एकै ठाउँको मुल्यमा देखिएको अस्वाभाविक अन्तर क्रमशः कम गर्ने ,

च.चक्रपथको विभिन्न भागमा हुने आर्थिक गतिविधी एंव भौतिक सुविधाको आधारमा चक्रपथले छोएको भागलाई भिन्न भिन्न वर्गमा विभाजन गर्ने ,

छ.दीर्घकालमा उपत्यकाका छिमेकी जिल्लाको न्युनतम मुल्यांकनसंग समेत तादाम्यता कायम गर्ने तर्फ पहल गर्ने ,

ज.नेपाल सरकारले पुर्वाधार निर्माण र सार्वजनिक हितको लागि गर्ने जग्गा अधिग्रहण र मुआब्जा एंव क्षतिपुर्ति वितरण कार्यलाई सहज र विवाद रहित बनाउने ।

## न्युनतम मुल्यांकन निर्धारणका आधारहरु :

१.जग्गासंग सडक वा बाटो जोडिए नजोडिए र सो को प्रकार , जग्गाको प्रयोजनको अवस्था , जग्गाको वस्तुगत अवस्थिती , चालु आर्थिक वर्ष कारोवार भएको सोही क्षेत्रको खरिद विक्री मुल्य ।

२.भुमिसुधार तथा व्यवस्थापन विभागबाट भएका परिपत्र तथा सोही विभागबाट प्रकाशित न्युनतम मुल्यांकन सम्बन्धी निर्देशिका अध्ययन ।

३.नगरपालिका/महानगरपालिकाबाट प्राप्त न्युनतम मुल्यांकन सम्बन्धी सुझावहरु ।

४.कार्यालयबाट गरिएको स्थलगत अध्ययन ।

५.आ.व. ०७२।७३ मा कार्यालयबाट पारित लिखतहरुमा उल्लेखित थैली अंक ।

६.स्थानिय निकाय (वडा कार्यालयहरु ) बाट प्राप्त मुल्यांकन सम्बन्धी सुझावहरु ।

७.नेपाल लेखापढी कानून व्यवसायी एशोसियशन बाट प्राप्त सुझावहरु ।

८.सरोकार समुह (उ.वा.संघ, बैकर एसोसियसनका प्रतिनिधि, न.पा.का प्रतिनिधि) संगको अर्न्तक्रिया ।

# समाप्त